
# सरकारसँग सहमति भएपछि दुर्गा प्रसाईंको आन्दोलन फिर्ता

**राजधानी समाचारदाता**
काठमाडौं, ६ मंसिर



सरकारसँगको वार्तामा सहमति जुटेसँगै दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति बचाऊ महाअभियान नेपालले 'आइतबार (आज) गर्ने' भनिएको आन्दोलनका कार्यक्रम फिर्ता लिएको छ।

प्रधानमन्त्रीको निवास बालुवाटारमा शनिबार सरकारसँग भएको वार्तापछि प्रसाईं नेतृत्वको समूहले आन्दोलनका कार्यक्रम फिर्ता लिने भएको हो। सरकारसँगको वार्ताका लागि सो समूहका सदस्यहरू शनिबार साँझ बालुवाटार पुगेका थिए।

वार्तामा सरकारका तर्फबाट गृहमन्त्री ओमप्रकाश अर्याल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनाल र सल्लाहकार गोविन्द नारायण तिमिल्सिनालगायत सहभागी थिए।

सोही वार्ताका क्रममा सहमति जुटेपछि आइतबार (आज) गर्ने भनिएको आन्दोलन फिर्ता लिने र अर्को चरणको वार्ता महाभियानको नेतृत्वसहित यथासिघ्र गर्ने समझदारी भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

वार्तामा महाअभियानले उठाएका २७ बुँदे माग सन्दर्भमा विस्तृत छलफल भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ। त्यस्तै, वर्तमान शान्ति सुरक्षाको अवस्थासमेत ध्यानमा राखी नागरिक बचाऊ महाभियानले उठाएका मुद्दा सम्बोधनका लागि सरकारले निरन्तर छलफल, वार्ता र सहजीकरण गर्दै जाने सहमति भएको प्रधानमन्त्री सुशीला कार्कीको सचिवालयले जनाएको छ।

यसअघि प्रसाईं नेतृत्वको महाभियानले आइतबार (आज)बाट हुनेगरी गरेको नेपाल बन्द, अनिश्चितकालीन आमहडताललगायत कार्यक्रम घोषणा गरेको थियो। सरकारसँगको वार्तामा यस महाअभियानका तर्फबाट सचिव प्रेमदीप लिम्बु नेतृत्वको टोली सहभागी थियो। साथमा अधिवक्ताद्वय विनोदमणि भट्टराई, लवण न्यौपाने र डा. निराजन प्रसाईं थिए।

दुर्गा प्रसाईं भने हाल जिल्ला प्रहरी कार्यालय काठमाडौंको हिरासतमा छन्। सरकार र महाभियान नेपालका प्रतिनिधिबीच बालुवाटारमा भएको वार्तामा महाअभियानले उठाएका विभिन्न २७ बुँदे मागका सन्दर्भमा विस्तृत छलफल भएको थियो। छलफलका क्रममा नागरिक बचाऊ महाभियानले उठाएका मुद्दा सम्बोधनका लागि सरकारले निरन्तर छलफल, वार्ता र सहजीकरण गर्दै जाने सहमति भएको छ।

सोही सहमतिबमोजिम महाअभियानले अनिश्चितकालीन आमहड्तालका कार्यक्रमलाई फिर्ता लिन सहमति जनाएको हो।

# ठूला खेलमैदान आयोजनाको काम सुस्त

**■ चिदिचौर खेलमैदानको पुनर्निर्माणका लागि १ करोड रुपैयाँ लागतमा रामेछाप कन्स्ट्रक्सनले २०८२ वैशाखमा जिम्मा पाएको थियो। काम सक्नुपर्ने म्याद, २०८३ असारसम्म छ। तर, खनेर अलपत्र छोड्दा समस्या थपिएको छ।**

**हुमाकान्त पोखरेल/राजधानी**
गुल्मी, ६ मंसिर

गुल्मीका दुई ठूला खेलमैदानको काममा ढिलासुस्ती भएको छ। जिल्लाको इस्मा गाउँपालिका-६ अम्मरपुरमा बन्दै गरेको अन्तर्राष्ट्रिय फुटबल रंगशाला र सदरमुकाम तम्घासमा निर्माणाधीन चिदिचौर खेलमैदानको काम सुस्त भएको हो।

नेपालका प्रथम शहीद लखन थापाको नामबाट आर्थिक वर्ष २०७५/७६ बाट अम्मरपुरमा 'शहीद लखन थापा अन्तर्राष्ट्रिय खेलमैदान'को काम सुरु भएको थियो। फुटबलका लागि तयार गर्न थालिएको रंगशालाको काम अहिले भएको नै छैन। सुरुमा राष्ट्रिय खेलकुद परिषद् (राखेप)को ३ करोड रुपैयाँ लागतमा माटो काट्ने, पर्खाल लगाउने, दुबो रोप्नेलगायतको काम भएको थियो २०७६ सालपछि २५ लाख र ५० लाख गरी कुल ७५ लाख रुपैयाँको काम भएको इन्जिनियर माधव देवकोटाले बताए।

अहिले खेलमैदानमा दुबो रोप्ने, पर्खाल लगाउने लगायतका काम भएका छन्। इन्जिनियर देवकोटाका अनुसार अहिले बजेट पनि नभएकाले काम सकिने समयबारे कुनै टुंगो छैन। राखेपसँग खेलमैदान गाउँपालिकाको स्वामित्वमा गराउने प्रयास पनि असफल भएको इस्मा गाउँपालिका उपाध्यक्ष पार्वती कुँवरले बताइन्। 'हाम्रो स्वामित्वमा काम गर्छौं भनेको माथिबाट स्वीकृत भएन,' उपाध्यक्ष कुँवरले भनिन्, 'काम हामीले गर्न पनि प्रक्रियागत झन्झटले भएन, राखेपले पनि गरेन।' उनले बीचमा एउटा खेलकुद कार्यक्रम गर्दा पनि निर्माण व्यवसायी र राखेपले बाधा जनाएपछि अहिले अलमल परेको बताइन्। झन्डै १ अर्ब रुपैयाँ लागत अनुमान गरिएको सो खेलमैदान १ सय ५ मिटर लम्बाइ र ६८ मिटर चौडाइसहित कभर्डहल र स्विमिङ पुलसहितको डीपीआर गरिएको थियो।

सदरमुकाम तम्घासको चिदिचौर खेलमैदानको काम पनि निकै सुस्त गतिमा छ। बहुवर्षीय आयोजनाका रूपमा रहेको खेलमैदान निर्माण व्यवसायीले काम नगर्दा अस्तव्यस्त बनेको छ। मैदानको बीचमा ढुंगा, गिट्टी, पाइपलगायतका निर्माण सामग्री राख्दा मैदान थप कुरूप भएको छ। मैदानको बीच भागबाट पानी बगिरहेको छ भने मैदानमा खाल्डाखुल्डी पारेर यत्तिकै छोडिएको छ। जसले गर्दा बालबच्चाहरू पानीमा डुबेर घटना घट्ने जोखिमसमेत बढेको छ। मैदानको चारैतिर कुनामा झार तथा घाँसपात उम्रिएको छ। जसले गर्दा सदरमुकामको पनि केन्द्रमा रहेको चिदिचौर खेलमैदान थप कुरूप बनेको छ।

सार्वजनिक खरिद ऐन, २०६३ ले कुनै पनि आयोजना सुरु गर्नुभन्दा पहिले त्यसबारे सूचना पार्टी राख्नुपर्ने व्यवस्था गरेको छ। त्यसमा आयोजनाको नाम, लागत रकम, सम्झौता मिति, निर्माण कम्पनी, आयोजना सक्नुपर्ने मितिसमेत उल्लेख गर्नुपर्ने हुन्छ। तर, झन्डै १ करोड रुपैयाँको बहुवर्षीय आयोजनाको काम गर्दासमेत चिदिचौरमा कुनै सूचना पार्टी (होर्डिङ बोर्ड) राखिएको छैन। 'होर्डिङ बोर्ड राख्न माग गर्दै दुईपटकसम्म प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गरायौं,' सुशासन अभियान गुल्मीका उपाध्यक्ष विनोद पाण्डेले भने, 'समाजलाई हामीले उठाएका विषय मान्न गाह्रो हुँदोरहेछ।' पाण्डेले चिदिचौर खेलमैदानको विषयमा राज्यले लाचारीपन देखाएको आरोप लगाए।

चिदिचौर खेलमैदानको पुनर्निर्माणका लागि १ करोड रुपैयाँ लागतमा रामेछाप कन्स्ट्रक्सनले २०८२ वैशाखमा जिम्मा पाएको थियो। काम सक्नुपर्ने म्याद, २०८३ असारसम्म छ। तर, खनेर अलपत्र छोड्दा समस्या थपिएको छ। चिदिचौरको अहिलेसम्म ५० प्रतिशत काम सकिएको छ। निर्माण कम्पनीले कम गुणस्तरका सामग्री ल्याएपछि नगरपालिकाले त्यसलाई फिर्तासमेत गरेको थियो। अब पनि समयमै काम गरे एक महिनामै सकिन्छ। तर, निर्माण कम्पनीले काममा ढिलाइ गर्दै आएको छ। जिल्ला समन्वय समिति प्रमुख दोर्ण खत्रीले राजनीतिज्ञले दुःख गरेर बजेट पार्दा पनि समयमा काम नहुनु दुःखद भएको बताए। उनले नेपालको सरकारी संयन्त्र, सार्वजनिक खरिद ऐनलगायतले समस्या पारेको र त्यसको भागिदार राजनीतिज्ञ हुनुपरेको गुनासो गरे। चिदिचौरको सन्दर्भमा अब केही समयपछि काम सुरु हुने भए पनि अम्मरपुरको खेलमैदानको विषयमा भने कामबारे केही भन्न नसकिने बताए।



# मोबाइल चोरीको आरोपमा हत्या

**■ एक महिलासहित ४ पक्राउ**



घटनास्थल

**राजधानी संवाददाता**
राजविराज, ६ मंसिर

मोबाइल चोरीको आरोपमा कोठामा थुनेर गरिएको कुटपिटबाट गम्भीर घाइते भएका एक युवाको उपचारको क्रममा मृत्यु भएको छ।

राजविराज नगरपालिका-१६ बोरिया निवासी १९ वर्षीय मुकेश यादवको मृत्यु भएको हो। कुटपिटबाट घाइते भएका यादवलाई दुई दिनअघि उपचारका लागि स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना गरिएको थियो।

अवस्थामा सुधार नभएपछि उनलाई स्थानीय छिन्नमस्ता अस्पतालमा रेफर गरिएको थियो। उपचारकै क्रममा शुक्रबार राति उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए।

उक्त घटनामा संलग्न रहेको आरोपमा शनिबार मृतक यादवका छिमेकी सरोदेवी साह, २७ वर्षीय सन्तोषकुमार राउत र दुई जना नाबालकलाई पक्राउ गरेको प्रहरी नायव उपरीक्षक पुरीले बताए।

उनले आशंकाकै आधारमा कसैले कानुन हातमा लिनु अपराध भएको भन्दै अनुसन्धानका क्रममा दोषी पाइएकाहरूलाई कानुनबमोजिम कारबाही गरिने स्पष्ट पारेका छन्।

मृतकका हजुरबुवा नारायण यादवले चोरीको आशंकामा नियन्त्रणमा लिई अमानवीय व्यवहार गर्ने र ज्यानै जाने गरी कुटपिट गर्नेहरूमाथि कडा कारबाही हुनुपर्ने माग गरेका छन्।

प्राप्त घटना विवरणअनुसार तीन दिनअघि सारो देवीको मोबाइल हराएको थियो। सारोले छिमेकी मुकेशले नै मोबाइल चोरी गरेको आशंका गर्दै आफ्नो घरमा हात खुट्टा बाँधेर थुनेका थिए। सोही क्रममा हाल प्रहरी नियन्त्रणमा रहेकाहरूले निर्घात कुटपिट गरेको मृतकका आफन्तले जनाएका छन्।

रातभर कोठामै थुनेर राखिएका मुकेश बिहा पख बिरामी भएको खबर पाएपछि पुगेका आफन्तजनले उद्धार गरी अस्पताल पुऱ्याएका थिए। सोही क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

# नेपाल-चीन सीमामा हाटबजार पूर्वाधार निर्माण

**रासस**
मुस्ताङ, ६ मंसिर

नेपाल-चीन सिमाना उत्तरी कोरलानाकास्थित दशगजा क्षेत्रमा हाटबजार पूर्वाधार निर्माण गरिँदै छ। भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशअन्तर्गत पूर्वाधार विकास कार्यालयले कोरलानाकामा स्थानीयका लागि हाटबजार व्यवस्थापनका लागि पूर्वाधार निर्माण गर्ने जनाएको हो।

नेपाल-चीन कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन भएको पूर्वाधार विकास कार्यालयका इन्जिनियर जगदीश जोशीले जानकारी दिए। उनका अनुसार कोरलास्थित सीमानाकामा हाटबजार निर्माणका लागि प्रारम्भिक सर्वे अध्ययनसमेत गरिएको छ।

'हाटबजार लागि सर्वे अध्ययन, लागत अनुमान र डिजाइनको काम सुरु गरेका छौं। साथै स्थानीय जनप्रतिनिधि र हाटबजार चलाउने व्यापारीको धारणा बुझ्दै छौं,' उनले भने, 'यसलाई कस्तो डिजाइनको बनाउने भन्ने अहिले यकिन भइसकेको छैन।'

नेपाल-चीन उत्तरी कोरलानाका २७ कात्तिक २०८० मा औपचारिक रूपमा उपल्लो मुस्ताङका नागरिकका लागि खुल्ला गरिएको थियो।

सीमावर्ती क्षेत्रका स्थानीय नागरिकका लागि बाह्रै महिना कोरलानाकाको ढोका खुल्ला गरिएसँगै चिनियाँ मालसामान बिक्री गर्न अस्थायी रूपमा त्रिपाल टाँगेर हाटबजार सञ्चालन गर्दै आइरहेका छन्। नाका आसपास करिब दुई दर्जनभन्दा बढी नागरिकले हाटबजारमार्फत व्यापार सञ्चाल गर्दै आएका छन्।

समुन्द्री सतहबाट ४ हजार ६२० मिटर उचाइमा अवस्थित कोरलानाकामा हाटबजारका साथै स्थानीय युवालाई वैकल्पिक व्यापार व्यवसाय चलाएर आर्थिक जीविकोपार्जनमा योगदान पुगेको छ।

नाकामा हाटबजार चलाउने स्थानीयका लागि भरपर्दो पूर्वाधार नहुँदा हिमपात, चिसो र हावाहुरीको सामाना गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने उद्देश्यले पूर्वाधार निर्माणको पहल थालिएको जोशीले जानकारी दिए।

पूर्वाधार विकास कार्यालयका इन्जिनियर जोशीले कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि विनियोजित बजेट अपुग हुने देखिएमा प्रदेश सरकारसँग थप माग गर्नुपर्ने आवश्यकता औंल्याए।

१४ कात्तिक २०८१ मा नेपाल-चीन सिमाना कोरलास्थित अध्यागमन कार्यालयको उद्घाटनमा पुगेका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कोरला नाकामा अव्यवस्थित रूपमा सञ्चालन भएका हाटबजारलाई व्यवस्थित गर्ने बताएका थिए। त्यसपछि उनले नाकामा हाटबजार व्यवस्थापन गर्न आंशिक बजेट विनियोजन गरेका हुन्।

प्रदेश सरकारबाट विनियोजित बजेट न्यून भएको स्थानीय सरोकार भएकाको भनाइ छ।

पछिल्लो समय कोरलानाका व्यापारिक केन्द्रका रूपमा मात्रै नभई पर्यटकीय गन्तव्यसमेत बनेको छ। नाकामा हुने अनुकूल मौसमका कारण दिनहु सैयौं पर्यटक यहाँ पुग्ने गरेका छन्। गत ३० भदौदेखि यस नाका पूर्ण रूपमा सञ्चालनमा आएसँगै पर्यटकीय चहलपहल पनि बढेको स्थानीय बताउँछन्।

नाकामा नेपाल पक्षबाट आवश्यक भौतिक पूर्वाधार निर्माण नहुदा यहाँ पुग्ने पर्यटक तथा हाटबजार चलाएर बस्ने नागरिकलाई सास्ती हुँदै आएको छ।

नाकामा खानेपानी, शौचालय र हाटबजारका स्टललगायत पूर्वाधार नहुँदा समस्या हुँदै आएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बताए। नाकामा पूर्वाधार निर्माणका लागि स्थानीय तह एक्लैले काम गर्न गाह्रो हुने भएकाले प्रदेश सरकारसँग समन्वय गरिएको उनको भनाइ छ।




रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल



**प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) अध्ययन गर्ने बारे सार्वजनिक सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२ मंसिर ७ गते आईतबार)**

मोरङ जिल्ला रतुवामाई नगरपालिका भएर बग्ने रतुवा तथा बक्राहा खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो र वातावरणमैत्री रुपमा बालुवा तथा भरौट लगायतका नदीजन्य पदार्थहरु संकलन तथा उत्खनन् गर्ने प्रस्ताव गरिएको छ। यस कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण निवमावली, २०५४ (पछिल्ला संशोधन सहित) को नियम ३ को अनुसूची अनुसार प्रारम्भिक वातावरणीय प्रीक्षण (IEE) गरी प्रतिवेदन तयार गर्न लागिएकोले तल उल्लेखित उक्त प्रस्ताव कार्यान्वयन हुँदा देहायका क्षेत्रमा प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक, जैविक, रसायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक एवम् यिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको बारेमा सम्बन्धित वडा कार्यालय नगरपालिकाको कार्यालय नगरपालिका क्षेत्रका विद्यालय अस्पताल स्वास्थ्य चौकी र सरोकारवालला व्यक्ति एवम् संघ संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र लिखित राय सुझाव र प्रतिक्रिया पठाई सहयोग गरिदिनुहुन यो सार्वजानिक सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | प्रस्तावित नदि/खोलाको नाम | प्रभावित वडा नम्बर |
|---|---|---|
| १ | रतुवा नदि | ३,४,७,८,१० |
| २ | बक्राहा नदि | १,४,५,९,१० |

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| रतुवामाई नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय, सिजुवा, मोरङ<br>**सम्पर्क नम्बर**<br>०२१-४१४०५६, ०२१-४१४०५७<br>**इमेल ठेगाना** ratuwamaimunicipalityinfo@gmail.com | श्री प्रिशा ईन्जिनियरीङ्ग सर्भिसेज प्रा.लि.<br>विराटनगर, मोरङ |


## पृष्ठ १ बाट क्रमशः

### चुनावबारे...

कांग्रेसले निर्वाचन भयरहित वातावरणमा गर्न सरकारको ध्यानाकर्षण भने गराएको छ। 'निर्वाचनका लागि भयरहित वातावरण अपरिहार्य छ। तर, हाल हजारौं कैदीबन्दी फरार रहनु, ठूलो परिमाणमा हतियार हराइरहनु, राजनीतिक दलहरूले निर्बाध रूपमा आफ्नो कार्यक्रम सञ्चालन गर्न नपाउनु र निर्वाचनका लागि आवश्यक न्यूनतम अवस्था पनि स्थापित हुन नसक्नु जस्ता यी सबै परिस्थितिहरू अत्यन्त गम्भीर छन्। तत्काल शान्ति सुरक्षामा सुधार ल्याउन, सुरक्षाकर्मीको मनोबल उच्च बनाउन तथा आमनागरिकमा भयमुक्त वातावरण सुनिश्चित गर्न नेपाली कांग्रेस सरकारसँग जोडदार माग गर्दछ,' निर्णयमा भनिएको छ।

### कृषि, उद्योग...

कुल पर्यटक १.७२ प्रतिशतले मात्र वृद्धि भएको छ। भारतबाट आउने पर्यटक २३.८५ प्रतिशतले घटेको छ। चीनबाट आउने २५.७७ प्रतिशतले घटेको छ। तेस्रो मुलुकबाट भने ९.१३ प्रतिशतले वृद्धि भएको छ ।

**पूर्वाधारमा भने सुधार**

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशभर विद्युत् प्रसारण लाइन ३५७५.७४ किमी पुगेको छ। यस्तै, कर्णाली कोरिडोर, पुष्पलाल लोकमार्ग, मदन भण्डारी राजमार्ग, भेरी-बबई डाइभर्सन जस्ता राष्ट्रिय पूर्वाधार आयोजनाले गति लिन थालेको प्रतिवेदनले जनाएको छ।

कर्णाली प्रदेशले ३१ अर्ब ४१ करोड रुपैयाँको बजेटमा १९ अर्ब ९९ करोड (६३.६७ प्रतिशत) खर्च गरेको छ। कुल २७ अर्ब ६८ करोड रुपैयाँ आय संकलन गरेको छ। यो खर्च क्षमता अन्य प्रदेशको तुलनामा मध्यम देखिन्छ तर अपेक्षाकृत कमजोर कार्यान्वयन क्षमता उजागर गर्छ।

यसले कर्णालीको अर्थतन्त्र अझै कृषि-आधारित, कमजोर औद्योगिक संरचना र सीमित सेवा बजारमा सीमित रहेको पुष्टि गर्छ।

प्रदेशगत तुलनामा कर्णाली अझै पनि देशको सबैभन्दा कमजोर आर्थिक इकाई बनेको छ। कृषि, उद्योग र सेवा तीनै क्षेत्रमा कर्णालीको योगदान न्यून देखिए पनि प्राकृतिक स्रोत, अर्ग्यानिक उत्पादन, जडिबुटी, पर्यटन र पूर्वाधार विस्तारका कार्यक्रमले कर्णालीले आगामी वर्षमा सुधार गर्ने सम्भावना यथार्थमै ठूलो देखिन्छ।

प्रतिवेदनले आगामी वर्ष २०८२/८३ मा कर्णालीको अर्थतन्त्रमा सुधारको संकेत दिएको छ।

समयमै धान रोपाइँ, मौसम अनुकूलता, आन्तरिक पर्यटन वृद्धि, शिक्षा, स्वास्थ्य, वित्तीय पहुँचमा सुधार, प्रसारण लाइन तथा सडक पूर्वाधारमा प्रगति, भेरी-बबई तथा कर्णाली कोरिडोर जस्ता ठूला आयोजनाबाट प्रत्यक्ष प्रभावका कारण सुधारको संकेत दिएको हो। तर, लगानी वातावरण कमजोर, युवा पलायन, गरिबीको उच्च दर, कठिन भौगोलिक संरचना, कृषि उत्पादनमा गिरावट, उद्योग विस्तारको चुनौती जस्ता कारणले कर्णालीको आर्थिक भविष्य मिश्रित देखिन्छ।

### स्थानीय तहले...

धुर्कोट गाउँपालिकाले गत चालू आव अर्थात् १ साउनदेखि लागू हुनेगरी १० कर्मचारीको करार सेवा रद्द गरेको छ। रोजगार सहायक र रोजगार प्राविधिक एक-एक जना, सूचना प्रविधि सहजकर्ता चार जना तथा एक गाउँ एक प्राविधिक कार्यक्रमअन्तर्गत चार जना कर्मचारीको दरबन्दी खारेज गरेको हो। उनीहरूको मासिक तलबमा ३ लाख ४० हजार अर्थात् वार्षिक ४० लाख ८० हजार खर्च हुँदै आएको पालिकाकी सहायक अधिकृत पवित्रा भुसालले जानकारी दिइन्।

कालिगण्डकी गाउँपालिकाले गत १ कात्तिकदेखि लागू हुनेगरी कर्मचारी हटाएको छ।

पालिकाले बास संयोजक, सामाजिक परिचालक, सामाजिक परिचालिका र वडा प्रशासन सहायक गरी १३ जनाको करार सम्झौता रद्द गरेको हो।

पालिकाका लेखा अधिकृत होबनाथ पौडेलका अनुसार सो कर्मचारीका लागि वार्षिक ५२ लाख खर्च हुँदै आएको थियो। गाउँपालिका उपाध्यक्ष मञ्जुकुमारी दर्लामीले सामान्य प्रशासन मन्त्रालयले करारमा कर्मचारी नराख्नु भनेर दुईपटकसम्म पत्र पठाएपछि कर्मचारीको सम्झौता रद्द गरेको बताइन्।